प्रेमिकाको मुहार हेर्न

# युवराजले खोले किराना पसल!

गायक युवराज चौलागाईंले नयाँ गीत *किराना पसल*को अडियो भिडियो सार्वजनिक गरेका छन्।

गायक चौलागाईंले आफ्नो आधिकारिक युट्युब च्यानलबाट यो गीत सार्वजनिक गरेका हुन्। गायक गायिकाहरूले हिजोआज आफ्नै युट्युब च्यानल सञ्चालनमा ल्याउने गरेका छन्। जसबाट उनीहरूले आफ्ना सिर्जना दर्शक स्रोतामाझ सार्वजनिक गर्ने गर्दछन्।

रोमान्टिक शैलीको यो गीतमा क्षितिज सापकोटाको शब्द तथा संगीत रहेको छ भने राजन इशानले संगीत संयोजन गरेका छन्। गीतमा सञ्जीव बराइलीको गीतार, भुवन गन्धर्वको तबला तथा सञ्जीव मैनालीको बाँसुरीवादन रहेको छ।

गीतमा हरेक दिन प्रेमिकाको मुहार हेर्ने बानी लागेकाले प्रेमिकाको घरकै अगाडि किराना पसल खोल्न तयार भएका उनको म्युजिक भिडियोमा उनक ो साथमा अनुष्का पाठकको प्रमुख अभिनय रहेको छ। भिडियोमा युवराजले चुलबुले प्रेमीको रूपमा अभिनय गरेका छन्। साथमा विनोद पौडेल, अशिना थपलिया तथा राज न्यौपाने पनि भिडियोमा देखिएका छन्। शान थापाको निर्देशन र राजीव समरको कोरियोग्राफी रहेको भिडियोमा अर्जुन तिवारी तथा उनको समूहले छायांकन गरेको छ। भिडियोलाई आकर्षक बनाउन कमल प्रसाईंले ड्रोन सञ्चालन गरेका छन्। भिडियोलाई सुप्रिप पराजुली सम्पादन गरेका छन्।



## धरहरा

# धरहरा आफैं खुसी



धरहरा आज निकै खुसी छ। २०७२ वैशाख १२ गते दुःखमा परेको धरहरा आफ्नै पुनर्निर्माणमा दलका नेता सरकार र गैरसरकारी तवरबाट भएका प्रयास नारामा मात्रै सीमित भएकोमा चिन्तित हुँदै आएको थियो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले ग्लोबल टेन्डर आह्वान गरेपछि धरहराले आफ्नो पुरानो स्वरूप प्राप्त हुने भएपछि खुसीले गद्गद् नै भएको छ। हैन बनाउनुथियो त २ वर्षअगाडि नै शुरू गरेको भए हुने थियो नि। मानव जातिहरूमा देखिएको स्वार्थीपनले आफूलाई हेरेर निच्च हास्ने मनुवाको अगाडि लाज छोप्दै आउँदा आउँदै हैरान भएपछि के गरौं के गरौं भन्ने भएको थियो। अब नयाँ स्वरूपमा आफूले जीवन्तता पाउने भएपछि खुसी नहुने को होला र ? हैन भन्या पाठकवृन्द। मेरो मात्र होइन देशभर मजस्तै भग्नावशेष भएर बसेकाहरूलाई छिटोभन्दा छिटो पुनर्निर्माण भएको हेर्ने तीव्र अभिलाषा छ है सरकारी मित्रहरू आगे यहाँहरूकै मर्जी है !

# छक्का पञ्जासँग जोडियो सिभिल बैंक



सिभिल बैंक लिमिटेड छक्का पञ्जा-३ फिल्मसँग जोडिएको छ। राजधानीमा मंगलबार आयोजित एक कार्यक्रमबीच सिभिल बैंकका तर्फबाट चिफ बिजनेस अफिसर सुजित कुमार शाक्य र *छक्का पञ्जा-३* की निर्देशक दिपाश्री निरौलाले यसका लागि सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

*समृद्धिका लागि सिभिल बैंक* भन्ने नाराका साथ अगाडि बढेको सिभिल बैंकले वित्तीय साक्षरताबिना नेपाल समृद्ध नहुने कुरालाई मनन गर्दै फिल्मका माध्यमबाट वित्तीय शिक्षाको प्रवर्द्धन गर्न *छक्का पञ्जा-३* सँग जोडिएको बैंकले जनाएको छ।

# नखोस मेरा यादहरू सार्वजनिक

दोलखा, (नेस)। सानै उमेरबाट साहित्यमा जमेका भुवन शिवाकोटी चौघरेले दोलखा सदरमुकाम चरिकोटमा *नखोस मेरा यादहरू* नामक आधुनिक गीति एल्बम सार्वजनिक गरेर आफ्नो अर्को प्रतिभाको परिचय दिएका छन्।

पीडा भरिएको आधुनिक गीत एल्बमले बजारमा ठूलै संघर्ष गर्नुपर्ने भए पनि हरेक उमेर समूहका मानिसको मन मष्तिस्कमा छुट्टै छाप छोड्न सक्नेमा आफू विश्वस्त रहेको एल्बमका गीतकार, संगीतकार एवं गायक भुवन शिवाकोटी चौघरेले बताए।




एल्बममा शीर्ष गीत *नखोस मेरा यादहरूका साथमा नरोई बस्छु भन्थें म त, तिमीलाई जति माया, किन हुन्छ त्यसै उज्यालो, मेरो अनिदो रात* बोलका गीत संगृहित छन्।

एल्बमको लोकार्पण दोलखा भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले गरेका थिए। विष्णु लक्ष्मी साहित्यिक पुरस्कार समिति दोलखाको समन्वयमा भएको कार्यक्रममा नगरप्रमुख भरत केसी, सहायक प्रमुख जिल्ला अधिकारी सुरेश आचार्य, विष्णु लक्ष्मी साहित्यिक पुरस्कार समितिका संरक्षक चिरञ्जीवी मास्के, अध्यक्ष विष्णु सुवेदी र गीतकार भुवन शिवाकोटी चौघरेले मन्तव्य व्यक्त गरेका थिए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ